# स्थानीय राजपत्र

भुम्लु गाउँपालिकाद्धारा प्रकाशित

खण्डः९ संङ्ख्याः २ मिति २०८२ मंसिर २९गते

## भाग २

## भुम्लु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## सल्ले, काभ्रेपलाञ्चोकको

## सूचना

भुम्लु गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ

"आधारभुत अस्पताल व्यबस्थापन तथा संचालन कार्यविधि-२०८२"



प्रमाणीकरण मितिः २०८२।०९।१६
राजपत्रमा प्रकाशन मितिः २०८२।०९।२१

संवत् २०८२ सालको कार्यविधि नं. २

**प्रस्तावना** नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट प्राप्त हुने अधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने तथा स्वास्थ्य सेवामा सबैको समान पहुँच रहने कुरालाई मौलिक हकको रुपमै प्रत्याभूत गरेको छ तथा आधारभुत स्वास्थय सेवाको अधिकार स्थानीय तहलाई नै दिएको छ । गाउँपालिका भित्रका नागरिकलाई नजिकैबाट सुलभ, गुणस्तरीय र प्रभावकारी स्वास्थ्य सेवा प्रदान गर्न गाउँपालिका स्तरिय आधारभूत अस्पताल संचालन गर्न आवश्यक रहेकोले अस्पतालको सञ्चालन, सेवा व्यवस्था, स्रोत परिचालन र स्वास्थ्य प्रणालीमा एकरूपता कायम गर्न तथा मार्गनिर्देशन प्रदान गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (झ) को उपदफा (१) (३) र (४) को अधिकार प्रयोग गरी भुम्लु गाउँपालिका गाउँ कार्यपालिकाले आधारभुत अस्पताल व्यवस्थापन तथा संचालन कार्यविधि, २०८२ स्वीकृत गरी लागु गरिएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** १) यस कार्यविधिको नाम " *आधारभुत अस्पताल व्यवस्थापन तथा संचालन कार्यविधि-२०८२* "रहेको छ। यो कार्यविधि भुम्लु गाउँपालिका गाउँ कार्यपालिकाले स्विकृत गरेको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "अस्पताल" भन्नाले भुम्लु गाउँपालिकाले सञ्चालन गरेको आधारभूत अस्पताललाई सम्झनुपर्छ ।

ख) "अध्यक्ष" भन्नाले अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको अध्यक्ष सम्झनु पर्छ।

ग) "अस्पताल प्रमुख" भन्नाले अस्पतालमा कार्यरत चिकित्सकहरु मध्ये सबैभन्दा बरिष्ठ कर्मचारी वा समितिले तोके बमोजिमको कर्मचारी सम्झनु पर्छ।

घ) "कार्यपालिका" भन्नाले भुम्लु गाउँपालिका गाउँ कार्यपालिका सम्झनु पर्छ।

ङ) "कार्यविधि" भन्नाले आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ सम्झनु पर्छ

च) "चिकित्सक तथा स्वास्थ्यकर्मी" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्न प्रचलित कानून बमोजिम सम्बन्धित परिषदबाट अनुमति प्राप्त व्यक्ति सम्झनु पर्छ।

छ) "गाउँपालिका" भन्नाले भुम्लु गाउँपालिका सम्झनु पर्छ।

ज) "गाउँपालिका क्षेत्र" भन्नाले भुम्लु गाउँपालिकाको भू-भाग सम्झनु पर्छ।

झ) "पदाधिकारी" भन्नाले व्यवस्थापन समिति अध्यक्ष, उपाध्यक्ष र सदस्य लगायतका पदाधिकारी सम्झनु पर्छ ।



खण्ड ९ सङ्ख्याः २ मिति २०८२।०८।२९

ञ) "समिति" भन्नाले दफा ३ बमोजिम गठित आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

ट) "शाखा" भन्नाले भुम्लु गाउँ कार्यपालिकाको स्वास्थ्य शाखा सम्झनु पर्छ।

ठ) "जनशक्ति" भन्नाले आधारभूत अस्पतालमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी तथा अन्य कर्मचारी सम्झनु पर्छ।

ड) गाउँसभा" भन्नाले भुम्लु गाउँपालिकाको गाउँसभा सम्झन पर्छ ।

## परिच्छेद -२
## अस्पताल व्यवस्थापन समितिको गठन तथा सञ्चालन

३. **समितिको गठनः** १) अस्पतालको सञ्चालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको एक समिति हुनेछ ।

क) गाउँपालिका अध्यक्षः संयोजक

ख) गाउँपालिका उपाध्यक्षः सदस्य

ग) सामाजिक विकास समिति संयोजकः सदस्य

घ) अस्पताल रहेको वडाको अध्यक्षः सदस्य

ङ) प्रतिनिधी महिला स्वयंसेवकः सदस्य

च) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुखः सदस्य

छ) अस्पताल प्रमुखः सदस्य सचिव

२) समितिले आवश्यकता अनुसार स्वास्थ्य तथा अन्य क्षेत्रका विषय विज्ञ, जनप्रतिनिधि र कर्मचारीलाई बैठकमा आमन्त्रित गर्न गर्न सक्नेछ ।

**४. समितिको काम कर्तव्य र अधिकारः**

क) नेपाल सरकारबाट जारी गरिएको आधारभूत स्वास्थ्य सेवा प्रवाह र न्युनतम सेवा मापदण्ड कार्यान्वयनको सुनिश्चितता गराउने।

ख) अस्पतालबाट गुणस्तरीय, प्रभावकारी एवम् दीगो सेवा प्रवाहको लागि स्वास्थ्यको उन्नती र विकासको सन्दर्भमा आवश्यक नीति, योजना, कार्यक्रम तर्जुमा र निर्णय गरी कार्यान्वयन गर्ने, गराउने।

ग) अस्पतालको नियमित सञ्चालन र व्यवस्थापनको लागि आवश्यक स्रोत साधन जुटाउन पहल गर्ने, वार्षिक बजेट तथा कार्यक्रम तयार गर्ने।

घ) अस्पतालबाट प्रवाह भएका सेवाहरुको नियमित अनुगमन र समीक्षा गरी सेवाको निरन्तर रुपमा गुणस्तर अभिवृद्धि गर्न आवश्यक निर्णय लिने।

ङ) स्वास्थ्य सेवा तथा सुविधा सम्बन्धी राष्ट्रिय मापदण्ड कार्यान्वयनको आवश्यक प्रवन्ध मिलाउने।

च) अस्पतालमा कार्यरत जनशक्तिको उपलब्धता, क्षमता विकास एवम् आवश्यक कार्य गर्ने। अस्पतालको





जनशक्तिको सेवा, सुविधाहरुका सम्बन्धमा कार्यपालिकालाई सिफारिस गर्ने।

छ) सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सवाको पहुँच र उपलब्धता सुनिश्चित गराउनका लागि आवश्यक मानव स्रोत व्यवस्थापन सम्बन्धी कार्य गर्ने तथा स्वास्थ्य प्रदायक र स्वास्थ्य कर्मीहरुलाई सहज रुपमा कार्य गर्न अनुकूल तथा सुरक्षित वातावरण सृजना गर्ने र उच्च कार्य सम्पादनका लागि प्रोत्साहित गर्ने।

ज) स्वास्थ्य सेवाको पहुँचबाट वञ्चित स्थानीय समुदायलाई स्वास्थ्य सेवा पहुँचको सुनिश्चितता गर्न आवश्यक कार्यहरु गर्ने।

झ) भूगोल, अल्पसंख्यक, आदिवासी जनजाति, जेष्ठ नागरिक, विपन्न वर्ग, अपाङ्गता भएका, बालबालिका, किशोर किशोरी, महिला समुह समेतलाई मध्यनजर राखी अस्पतालको प्राथमिकता र योजना तर्जुमा गरी कार्यान्वयन गर्ने।

ञ) स्वास्थ्य बीमा कार्यक्रम, खोप कार्यक्रम, बालस्वास्थ्य तथा मातृशिशु सुरक्षा कार्यक्रम जस्ता राष्ट्रिय अभियान

तथा कार्यक्रमहरुको कार्यान्वयनको आवश्यकताको प्रवन्ध मिलाउने ।

ट) अति विपन्न, असहाय तथा अपाङ्गता भएका व्यक्तिहरुलाई निःशुल्क वा सहुलियतपूर्ण स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक प्रवन्ध मिलाउने।

ठ) अस्पतालको भौतिक सम्पत्तिको एकिन तथ्याङ्क अध्यावधिक गर्न एवम् सम्पत्तिको संरक्षण तथा मर्मत संभारको व्यवस्थापन गर्ने।

ड) अस्पतालबाट दिइने सेवाको लक्ष्य अनुसार प्रगति भए नभएको अनुगमन गर्ने।

ढ) भौगोलिक कार्यक्षेत्र भित्रको स्वास्थ्य समस्या र आवश्यकताको विश्लेषण गरी तथ्यमा आधारित योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने।

ण) स्वास्थ्य सेवामा सुशासन, जन सहभागिता र सामाजिक जाफदेहिता सुनिश्चित गरी सेवाग्राहीमैत्री स्वास्थ्य सेवालाई सुदृढीकरण गर्न सहयोग तथा सहजीकरण गर्ने।

त) विद्युतीय स्वास्थ्यको अवधारणा कार्यान्वयनका लागि गाउँपालिका अन्तर्गतका सामाजिक विकास समिति र स्वास्थ्य शाखासँग आवश्यक समन्वय गर्ने।





थ) अघिल्लो बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको स्थितिबारे पुनरावलोकन गरी जनस्वास्थ्यका कार्यक्रम तथा स्वास्थ्य सेवा सञ्चालन आदिमा आएका समस्या समाधान गर्न पहल गर्ने र समाधान हुन नसकेका समस्याहरु समाधानका लागि लागि गाउँपालिका तथा सम्बन्धित निकायलाई पठाउने।

द) अस्पतालको विकासका लागि आर्थिक तथा अन्य निकायहरुसंग आवश्यक समन्वय र सहकार्य गर्ने।

ध) अस्पताल सञ्चालनका लागि गाउँपालिकाले दिएका निर्देशनहरु र स्वीकृत कार्यक्रमको कार्यान्वयन गर्ने, गराउने।

न) आएका गुनासोहरुको उचित सम्बोधन र व्यवस्थापन तथा अस्पतालबाट सेवा प्रवाहको क्रममा आएका गर्ने।

ऩ) नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, जनस्वास्थ्य सेवा ऐन, स्थानीय स्वास्थ्य ऐन लगायत प्रचलित कानून र नीतिबमोजिम स्वास्थ्य सम्बन्धी स्थानीय तहको एकल तथा साझा अधिकारहरु कार्यान्वयनका लागि व्यवस्थापन, समन्वय र सहयोग गर्ने ।

प) संघ, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा अभियानहरु सञ्चालन गर्ने।

फ) गाउँपालिकाले तोके बमोजिमका अन्य कार्यहरु गर्ने।

५) **समितिको बैठक र सञ्चालनः**

१) समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले कम्तिमा महिनाको एक पटक समितिको बैठक बोलाउनु पर्नेछ। तर, आवश्यकता अनुसार जुनसुकै अवस्थामा पनि बैठक बस्न सक्नेछ ।

२) समितिका सदस्यहरुको बहुमतको उपस्थितिमा भएका बैठकको गणपुरक संख्या पुगेको मानिनेछ ।

३) समितिको निर्णय उपस्थित सदस्यहरुको बहुमतबाट हुनेछ। कुनै विषयमा मत विभाजन भई बराबर भएमा अध्यक्षले निर्णायक मत दिन पाउनेछन्। तर, आमन्त्रित सदस्यले मतदानमा भाग लिन पाउने छैनन् ।

४) समितिको अध्यक्षको अध्यक्षतामा बैठक बस्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षको अध्यक्षतामा बैठक सञ्चालन हुनेछ।

५) बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ।

६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण निर्धारण गर्नेछ।





## परिच्छेद- ३

## कोष संचालन तथा लेखा परीक्षण

६. **अस्पतालको कोषः** १) अस्पताल संचालन तथा व्यवस्थापन लागि अस्पतालको छुट्टै कोष (खाता) रहने छ ।

२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् र संस्थाको खर्च सो कोषबाट व्यहोरानेछ ।

क) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम।

ख) गाउँपालिकाबाट प्राप्त रकम।

ग) अस्पतालको आम्दानीबाट प्राप्त रकम ।

घ) कुनै व्यक्ति, स्वदेशी विदेशी दाता वा संस्थाबाट प्राप्त रकम।

ङ) व्यवस्थापन समितिको पहलबाट प्राप्त रकम।

च) अस्पतालले सञ्चालन गरेको सेवा वापत प्राप्त रकम।

छ) वैदेशिक अनुदान, संघ संस्था वा व्यक्तिबाट प्राप्त अनुदान वा सहयोग रकम।

ज) अन्य स्रोतबाट प्राप्त रकम ।

३) उपनदफा (२) को खण्ड (छ) बमोजिमको रकम प्राप्त गर्नु अगाडि अन्य निकाय संग प्रचलित कानून बमोजिम स्वीकृत लिनु पर्ने रहेंछ भने त्यस्तो स्विककृति अनिवार्य लिनुपर्नेछ ।

४) अस्पताललाई प्राप्त हुने सबै प्रकारका आम्दानी उपदफा (१) बमोजिमको कोष खातामा जम्मा गर्नुपर्नेछ ।

५) समतिको तर्फबाट गरिने सम्पुर्ण खर्च उपदफा १ बमोजिमको कोषबाट हुनेछ ।

६) समितिले अस्पतालको नियमित स्वास्थ्य सेवा प्रवाह र जनस्वास्थ्यका प्रचलित मापदण्ड एवम् मूल्य मान्यता प्रतिकूल नहुने कुराको सुनिश्चित गरी आन्तरिक स्रोत साधन व्यवस्थापन गर्न अस्पतालको कोषमा रहेको रकम उपयोग गर्न सक्नेछ ।

## ७. कोष तथा लेखा संचालनः

१) अस्पतालको कोष परिचालन अस्पातसल प्रमुख वा समितिले तोकिएको अस्पतालको बरिष्ठ कर्मचारीको र गाउँपालिका लेखा प्रमुख वा निजले तोकिएको स्वास्थ्य शाखाको कर्मचारी माध्येबाट संयुक्त दस्तखतबाट खाता सञ्चालन हुनेछ ।

२) अस्पतालको आयव्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम हनेछ ।

३) कोषको खाता सञ्चालन समितिले निर्णय गरे बमोजिम सरकारी कारोबार गर्न स्वीकृति प्राप्त बैंक तथा वित्तिय





संस्थामा हुनेछ। साथै सो खाता प्रचलित कानून बमोजिम सञ्चालन हुनेछ ।

४) अस्पतालको आर्थिक कारोबारको उत्तरदायित्व, र जाफदेहिता आर्थिक कारोबारको निर्णयकर्ता र सम्बन्धित खाता सञ्चालन गर्ने अधिकार प्राप्त कर्मचारीको हुनेछ ।

५) अस्पतालको आम्दानी र खर्चको अभिलेख, आम्दानी र खर्च सम्बन्धी कार्यविधि, लेखाको अभिलेखको सिद्धान्त, आर्थिक विवरण तयारी, सम्पत्तिको अभिलेख तथा जिन्सी व्यवस्थापन, आयव्यय तथा सम्पत्तिको विवरण तयारी, आन्तरिक लेखापरीक्षणको सिद्धान्त, वेरुजु अभिलेख, वेरुजु फछ्यौट लगायतका विषयहरु प्रचलित आर्थिक कार्यविधि सम्बन्धी कानून बमोजिम हुनेछ ।

६) अस्पताललाई आवश्यक पर्ने निर्माण, मालसामान, परामर्श सेवा र अन्य सेवाको खरिद सम्बन्धी व्यवस्था र खरिद प्रक्रिया सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजिनिक खरिद नियमावली बमोजिम हुनेछ ।

## ८. लेखा परीक्षणः

१) आन्तरिक लेखा परीक्षण गाउँपालिकाको आन्तरिक लेखा परीक्षण शाखाबाट हुनेछ ।

२) समितिको अन्तिम लेखा परीक्षण गाउँपालिकाको श्रेस्ता सँगै महालेखा परीक्षक वा निजले तोकेको लेखा परीक्षकबाट हुनेछ ।

९. **बैठक भत्ताः** समितिका सदस्यहरुको बैठक भत्ता तथा बैठक सम्बन्धी अन्य खर्च गाउँपालिकाको आर्थिक नियमावलीको बमोजिम कोषबाट व्यहोरिनेछ ।

१०. **सेवा शुल्क सम्बन्धी ब्यवस्थाः** अस्पतालबाट प्रदान गरिने सेवाको आवश्यक शुल्क समितिलेको सिफारिसमा कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ । तर निशुल्क भनि तोकिएका सेवा शुल्क तथा अस्पतालमा कार्यरत चिकित्सक कार्माचारीले अन्य सेवाग्राहि संग अन्य शुल्क लिन पाइने छैन।

## परिच्छेद-४
## सेवा ब्यवस्थापन

**११. औषधि खरिद, भण्डारण तथा वितरणः**

१) गाउँपालिकाबाट निःशुल्क वितरण गरिने औषधि तथा अस्पताल फार्मेसीबाट विक्री वितरण गरिने आवश्यक औषधि खरिद गर्न अस्पतालले गाउँपालिकाको स्वास्थ्य शाखालाई सिफारिस गर्नुपर्नेछ । स्वास्थ्य शाखाले अस्पतालको सिफारिस बमोजिमको गुणस्तरिय औषधि अस्पतालको सम्मतिमा खरिद गर्नुपर्नेछ ।





२) अस्पतालले वार्षिक रुपमा आवश्यक पर्ने औषधि तथा स्वास्थ्य उपकरणको स्वास्थ्य शाखालाई सिफारिस गर्नुपर्नेछ।

३) अस्पतालले निःशुल्क उपलब्ध गराउने औषधि नियमित रुपमा गर्नुपर्नेछ ।

४) अस्पतालले अस्पतालमा आउने बिरामीको संख्या तथा रोगको औषधिको माग तथा आपूर्तिको नियमित सन्तुलनको व्यवस्था मिलाउनु पर्नेछ ।

५) औषधि नष्ट हुनबाट बचाउन तथा गुणस्तर कायम गर्न अनुसार औषधि भण्डारण गर्नुपर्नेछ ।

६) औषधि आपति तथा वितरणलाई पारदर्शी बनाउन अस्पताल प्रमुखले एकजना व्यक्ति तोक्नेछ ।

७) उपदफा (६) बमोजिम तोकिएको व्यक्तिले नियमित जिन्सी सेस्ता मिलाउन पर्ने र दैनिक औषधिको खपतलाई मौज्जाद दैनिक अभिलेख राखु पर्ने साथै उपकरणको विवरण दरुस्त राखुपर्नेछ ।

८) स्टोर किपरले खर्च भएर जाने र नजाने जिन्सी रजिष्टरको लगत राखी समिति समक्ष त्रैमासिक रुपमा पेश गर्नुपर्नेछ ।

९) प्रेस्क्रिप्सन अनुसार औषधिको समुचित प्रयोगको लागि सेवाग्राही वा हेरचाह गर्ने व्यक्ति वा औषधि लिन आउने व्यक्तिलाई औषधि दिने व्यक्तिलाइ समेत जानकारी गारउनु परर्नेछ ।

**१२. फार्मेसी सञ्चालन गर्नेः**

१) निःशुल्क औषधि वितरण तथा अस्पतालमा आवश्यक औषधि विक्रि वितरण गर्न अस्पतालले आफ्नै फार्मेसी सञ्चालन गर्नेछ।

२) फार्मेसीमार्फत विक्री वितरण गर्ने औषधिको व्यवस्थापन गाउँपालिकाको समन्वयमा अस्पतालले गर्नेछ ।

३) फार्मेसी सञ्चालन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून र फार्मेसी सञ्चालन निर्देशिका बमोजिम हुनेछ ।

**१३. एम्बुलेन्स सञ्चालनः**

१) अस्पतालले आफ्नै स्रोतबाट वा अन्य संघ संस्थाको सहयोग र साझेदारीमा एम्बुलेन्स सेवा सञ्चालन गर्न सक्नेछ ।

२) एम्बुलेन्स सञ्चालन सम्बन्धी अन्य व्यवस्था प्रचलित कार्यविधि बमोजिम हुनेछ ।

**१४.आकस्मिक स्वास्थ्य सेवा व्यवस्थापनः**

१) अस्पतालले २४सै घण्टा आकस्मिक सेवा प्रदान गर्नुपर्नेछ।

२) अस्पतालमा सम्भव उपचार तत्काल गरी थप उपचार आवश्यक भएमा उपयुक्त स्वास्थ्य संस्थामा प्रेषण गर्नुपर्नेछ ।

३) अस्पतालले प्रदान गर्ने आकस्मिक स्वास्थ्य सेवाको विवरण, सम्बन्धित स्वास्थ्यकर्मीको जिम्मेवारी र कर्तव्य समेत खुल्ने गरी आकस्मिक उपचार कक्षमा सबैले देखे ठाउँमा राख्नुपर्नेछ।





४) अस्पतालले अस्पतालले प्रदान गरेको सेवामध्ये आधारभूत स्वास्थ्य सेवाभित्र पर्ने आकस्मिक उपचार निःशुल्क उपलब्ध गराउनुपर्नेछ र आधारभूत सेवा वाहेकका आकस्मिक उपचारको खर्चको व्यवस्थापन स्वास्थ्य बीमा भएका हकमा सोही बीमाबाट र बीमा नभएको वा बीमा रकम नपुगेको अवस्थामा सम्बन्धित व्यक्ति, निजको अभिभावक, परिवारका सदस्य, संरक्षक वा संरक्षकत्व गरिरहेको व्यक्तिले व्यहोर्नु पर्नेछ।

५) अस्पतालमा कसैलाई पनि आकस्मिक उपचार सेवाबाट बञ्चित गरिने छैन। अति विपन्न, वेवारिसे, तत्काल संरक्षक र अभिभावक नभएका सेवाग्राहीलाई गाउँपालिकाको आकस्मिक उपचार कोषबाट वा अन्य शीर्षकबाट खर्च व्यहोर्नर गरी आकस्मिक सेवा उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद-५
## विवध

**१५.अस्पतालको छापः** अस्पतालको सम्पूर्ण कामकारवाहीको निमित्त एउटा छुट्टै छाप समितिले निर्णय गरे बमोजिम हुनेछ।

**१६.अस्पतालको संगठन संरचनाः** अस्पतालको आफ्नै संगठन संरचना हुनेछ। संगठन संरचना प्रचलित कानून बमोजिम गाउँपालिकाले निर्धारण गर्नेछ।

१७.**साझेदारी गर्न सक्ने**: अस्पतालले अस्पतालको सेवालाई व्यवस्थित र प्रभावकारी बनाउन अस्पतालको स्तरोन्नती, सरसफाई तथा फोहोर व्यवस्थापन, क्यान्टिन, सुरक्षा व्यवस्था, लन्ड्री, एम्बुलेन्स तथा शव वाहन सेवा लगायका व्यवस्थापन गर्न र विशेषज्ञ सेवा संचालन गर्न गाउँपालिकासँग समन्वय गरी आवश्यकता अनुसार प्रचलित कानून बमोजिम सामुदायिक, सरकारी, निजी तथा गैरसरकारी निकाय वा संस्थासंग तोकियको कानूनी प्रकृया पुरा गरी सम्झौता वा साझेदारीमा गर्न सक्नेछ ।

१८.**वार्षिक प्रतिवेदन पेश गर्ने**: समितिले वर्षभरीको काम कारवाहीको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र गाउँपालिका समक्ष पेश गर्नुपर्नेछ ।

१९.**निर्देशन पालना गर्नुपर्ने**: कार्यपालिकाले दिएका निर्देशनहरुको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

२०.**थप दायित्व सृजना गर्न नहुने**: कार्यपालिकाको स्वीकृति विना समितिले गाउँपालिकालाई थप आर्थिक भार पर्ने गरी दायित्व सृजना गर्नु हुँदैन।

२१.**अधिकार प्रत्यायोजन गर्न सक्ने**: समितिले आफुलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकता अनुसार गाउँपालिका स्वास्थ्य शाखालाइ प्रत्यायोजन गर्न सक्नेछ ।

२२.<u>अन्तिम व्याख्या गर्न सक्ने</u>: (१) यस कार्यविधिको कार्यान्वऽयनमा केही बाधा व्यवधान आइपरेमा वा दुविधा





उत्पन्न भएमा गाउँकार्यपालिकाले सो को अन्तिम व्याख्या गर्न सक्नेछ ।

२३.**प्रचलित कानून बमोजिम**: यस कार्यविधिमा उल्लेखित विषयहरु यसै बमोजिम उल्लेख नभएका विषयहरु प्रचलित कानुन तथा समितिको निर्णय बमोजिम हुनेछ ।

२४.<u>कार्यविधिमा संशोधन तथा परिमार्जन</u> (१) यस कार्यविधिमा आवश्यकता अनुसार गाउँपालिकालेले समय समयमा आवश्यक संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

**आज्ञाले**
**कृष्ण बहादुर खत्री**
**प्रमुख प्रकाशकीय अधिकृत**